09 November 2024

## मुख्य समाचार

- आफ्नो सरकारको तेस्रो कार्यकालमा महाराष्ट्रमा धेरै विकास परियोजनाहरू शुरू गरिएको श्री मोदीको भनाई
- विकसित राष्ट्रको लक्ष्य हासिल गर्न उपराष्ट्रपतिले अनुसन्धान र नवाचारलाई प्रमुख कारक तत्व बताउनुभयो
- झारखण्डमा चुनाउ प्रचार जोडतोडले हुँदै
- पाकिस्तानको बलुचिस्तान विस्फोटमा 24 जनाको मृत्यु
- हकी कप्तान हरमनप्रीत सिंहलाई प्लेयर अफ द इयर उपाधि, अनि
- पंकज आडवाणीले विश्व बिलियर्ड्स च्याम्पियनसिपको उपाधि जिते

## प्रधानमन्त्री महाराष्ट्र

प्रधानमन्त्री एवम् भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री नरेन्द्र मोदीले आज महायुती सरकारले महाराष्ट्रको मराठवाडा क्षेत्रको विकासका लागि अथक प्रयास गरेको बताउनु भएको छ।

आज महाराष्ट्रको नान्देडमा जनसभालाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, विगत साढे दुई वर्षमा मराठवाडा क्षेत्रमा ८० हजार करोडभन्दा बढीको लगानी भएको छ। उहाँले यस क्षेत्रमा ११ सिँचाइ परियोजनाको उल्लेख गर्दै नान्देडका पाँच लाखभन्दा बढी किसानले प्रधानमन्त्री किसान सम्मान निधिलगायत विभिन्न योजना अन्तर्गत डेढ करोडभन्दा बढी रकम प्राप्त गरेको बताउनुभयो। दिल्ली-मुम्बई इन्डस्ट्रियल करिडोर, रेल कोच फ्याक्ट्री, लजिस्टिक पार्क, समृद्धि राजमार्ग, शक्तिपीठ एक्सप्रेसवे र नान्देडदेखि दिल्ली र आदमपुरसम्मको नयाँ हवाई सेवा जस्ता विकासका कार्यक्रममा जोड दिँदै उहाँले यसबाट स्थानीय तहमा रोजगारी सिर्जना हुने बताउनुभयो।

यसभन्दा अघि श्री मोदीले आज विदर्भ क्षेत्रको अकोलामा आफ्नो पहिलो चुनावी र्‍यालीलाई सम्बोधन गर्नुभयो।

श्री मोदीले महाराष्ट्रमा केन्द्र सरकारले अमरावतीमा वस्त्र पार्कको शिलान्यास गरेर कपास उत्पादन गर्ने किसानका लागि पूर्वाधार अनि उद्योग जगतलाई प्रोत्साहन दिएको बताउनुभएको छ। श्री मोदीले वस्त्र पार्कले कपास उत्पादन गर्ने किसानको समृद्धिको मार्ग प्रशस्त गर्ने बताउनुभयो।

श्री मोदीले आफ्नो सरकारको तेस्रो कार्यकालमा महाराष्ट्रमा धेरै पूर्वाधार परियोजनाहरू सहित करोडौं रुपियाँ लागतका धेरै विकास परियोजनाहरू शुरू गरेको बताउनुभयो।

उहाँले भन्नुभयो, सरकारले मराठी भाषालाई शास्त्रीय भाषाको दर्जा दिएको छ, जसले महाराष्ट्रको प्रतिष्ठा बढाएको छ।

## उपराष्ट्रपति - एनआईटी

उपराष्ट्रपति श्री जगदीप धनखडले विकसित राष्ट्रको लक्ष्य हासिल गर्न अनुसन्धान र नवाचार प्रमुख कारक तत्व भएको बताउनु भएको छ।

आज नयाँ दिल्लीमा राष्ट्रिय प्रौद्योगिकी संस्थानको चौथो दीक्षान्त समारोहको अध्यक्षता गर्दै श्री धनखडले यस्तो विचार साझा गर्नुभएको हो। श्री धनखडले अनुसन्धान र आविष्कारको क्षेत्रमा राष्ट्रको उत्कृष्टताले विश्व समुदायमा आफ्नो स्थान परिभाषित गरेको बताउनुभयो।

उहाँले शैक्षिक संस्थाहरुले आफ्नो क्षमता अनुसन्धान र आविष्कारमा प्रयोग गर्नुपर्ने सुझाउ दिनुभएको छ। श्री धनखडले यस क्षेत्रमा महत्वपूर्ण योगदान पुऱ्याउन कर्पोरेटहरुलाई आग्रह पनि गर्नुभयो । उहाँले अनुसन्धान र नवाचारका लागि उद्योग, व्यवसाय, व्यापारिक संघसंस्थाले उदार आर्थिक सहयोग गर्नुपर्ने बताउनुभयो ।

उपराष्ट्रपतिले शिक्षामा लगानी नै समाजसेवा गर्ने सबैभन्दा प्रभावकारी माध्यम रहेको बताउनुभएको छ । यसले हाम्रो जनशक्तिलाई समृद्ध बनाउनका साथै हाम्रो वर्तमान र भविष्यको रक्षा गर्ने उहाँले बताउनुभयो । उहाँले शिक्षाले देशको समृद्ध र सदियौं पुरानो सम्पदालाई पुनः पत्तो लगाउने शक्ति प्रदान गर्ने बताउनुभयो । उहाँले शिक्षालाई व्यापारका रुपमा नहेरी कर्तव्यका रूपमा हेर्न आग्रह गर्नुभयो।

## उत्तराखण्ड स्थापना दिवस

उत्तराखण्डले आज आफ्नो २५ औं स्थापना दिवस पालन गऱ्यो । यसकासाथै उत्तराखण्डको रजत जयन्ती वर्ष सुरु भएको छ । राष्ट्रपति श्रीमती द्रौपदी मुर्मु, प्रधानमन्त्री श्री नरेन्द्र मोदी, गृहमन्त्री श्री अमित शाह, राज्यपाल लेफ्टिनेन्ट जनरल गुरमीत सिंह अनि मुख्यमन्त्री श्री पुष्कर सिंह धामीले यस अवसरमा राज्यवासीलाई बधाई एवम शुभकामना दिनुभएको छ।

## झाखण्ड चुनाउ प्रचार

झारखण्डमा चुनावी प्रचारप्रसार चरममा छ । एनडीए र इन्डिया गठबन्धनका नेताहरू मतदातालाई आकर्षित गर्न राज्यको भ्रमण गरिरहेका छन्। छतरपुर, पलामुमा चुनावी ऱ्यालीलाई सम्बोधन गर्दै भारतीय जनता पार्टीका वरिष्ठ नेता श्री अमित शाहले श्री राहुल गान्धीलाई अन्य पछौटे वर्ग, दलित र आदिवासी जनजातिको विरोधी भएको आरोप लगाउनुभयो।

कंग्रेसका वरिष्ठ नेता श्री राहुल गान्धीले भारतीय जनता पार्टीको कर नीतिको आलोचना गर्दै भाजपा गरिबको सटो पूँजीपतिहरूको पक्षमा रहेको आरोप लगाउनुभयो। धनबाद जिल्लाको बाघमारामा चुनावी ऱ्यालीलाई सम्बोधन गर्दै, श्री गान्धीले देशमा अनुसूचित जाति, अनुसूचित जनजाति र अन्य पछौटे वर्गहरूको ठूलो जनसंख्या रहेको बताउँदै सरकारी संस्थाहरूमा उनीहरूको पर्याप्त प्रतिनिधित्व नरहेको बताउनुभयो।

अर्कोतर्फ, मुख्यमन्त्री श्री हेमन्तन सोरेनले भारतीय जनता पार्टीमाथि कडा आक्रमण गर्दै जनतालाई मतदानका लागि अपील गर्नुभयो।

राष्ट्रिय जनता दल, अखिल झारखण्ड विद्यार्थी संघ र वामपन्थी दलहरूले पनि राज्यका विभिन्न भागहरूमा चुनावी ऱ्यालीहरू गरिरहेका छन्।

८१ सदस्य रहेको विधानसभाका लागि यही महिनाको १३ र २० तारिक गरी दुई चरणमा मतदान हुँदैछ । मतगणना 23 नोभेम्बरमा हुनेछ।

## बिहार-रेलवे विशेष रेल

छठ पूजापछि बिहारबाट फर्कने यात्रीहरूको भीडलाई ध्यानमा राख्दै, पूर्वी मध्य रेलवेले आगामी पन्ध्र दिनमा 446 विशेष रेलगाडी सञ्चालन गर्नेभएको छ।

देशका विभिन्न सहरबाट फर्कने यात्रीहरूको सुविधाका लागि हिजोदेखि यी विशेष रेल सञ्चालनमा आएका हुन् । रेलवेका मुख्य जनसम्पर्क अधिकारीले यस वर्ष यात्रीको बढ्दो संख्यालाई ध्यानमा राख्दै गत वर्षको तुलनामा 70 वटा थप रेलगाडीहरू चलाइएका जानकारी दिनुभयो।

भीड व्यवस्थापनका लागि पटना, दानापुर, राजेन्द्रनगर, समस्तिपुरलगायत ठूला स्टेशनहरूमा विशेष व्यवस्था गरिएको छ।

## पाकिस्तान विस्फोट नगर्नुहोस्

पाकिस्तानको बलुचिस्तानको क्वेटा रेलवे स्टेशन नजिकै भएको विस्फोटमा २४ जनाको मृत्यु भएको छ भने ४० भन्दा बढी घाइते भएका छन् । विस्फोट हुँदा प्लेटफर्मबाट एउटा ट्रेन पेशावरतर्फ जाँदै थियो ।

## इटानगर-मुन्डुरो 4.0

बहुप्रतिक्षित एन्डुरो माउन्टेन बाइकिङ रेस-मोन्डुरोको चौथो संस्करण अरुणाचल प्रदेशको तवाङमा सुरु भएको छ। यो एशिया एन्ड्युरो सिरिजको अंश हो र विश्वको सबैभन्दा उचाइको प्रतियोगिता हो। यो प्रतियोगिता १४ हजार चार सय फिटको उचाइबाट सुरु भई आठ हजार फिटको उचाइमा समापन हुनेछ । भारतसँगै आठ देशका प्रतियोगीहरु यसमा सहभागी छन् । यसको अभ्यास १० र ११ तारिक हुनेछ भने फाइनल प्रतियोगिता १३ र १४ तारिक हुनेछ ।

## ब्याडमिन्टन कोरिया मास्टर्स

दक्षिण कोरियाको इक्सानमा भइरहेको कोरिया मास्टर्स ब्याडमिन्टन प्रतियोगिताको पुरुष सिंगल्सको सेमिफाइनलमा आज भारतका किरण जर्ज पराजित भए। उनलाई थाइल्याण्डका कुन लास्तव भिटिडसर्नले पराजित गरेर फाइनलमा प्रवेश गरे।

## हकी पुरस्कार

भारतीय पुरुष हकी टीमका कप्तान हरमनप्रीत सिंहले सन् २०२४ का लागि FIH प्लेयर अफ द इयर उपाधि जितेका छन्। पूर्व गोलकिपर पी.आर. श्रीजेशले वर्षको उत्कृष्ट गोलकिपरको उपाधि जितेका छन् ।

## क्रिकेट - भारत

डरबनमा गए राति भएको पहिलो टी-20 क्रिकेट म्याचमा भारतले आयोजक दक्षिण अफ्रिकालाई ६१ रनले पराजित गर्दै चार म्याचको सिरिजमा १-० को अग्रता बनाएको छ। २०३ रनको लक्ष्यको जवाफमा दक्षिण अफ्रिका १८ औं ओभरमा १४१ रनमा आउट भएको थियो । सिरिजको दोस्रो म्याच भोलि केब्राहामा हुनेछ ।

**बिलियर्ड्स** - IBSF

**भारतका पंकज आडवाणीले IBSF विश्व बिलियर्ड्स च्याम्पियनसिपको उपाधि जितेका छन्। उनले आज दिउँसो कतारको दोहामा भएको प्रतियोगिताको अन्तिम खेलमा इङ्ल्यान्डका रोबर्ट हललाई पराजित गरेरे उपाधि जितेका हुन्। सेमिफाइनलमा पंकजले आफ्नै देशका सौरभ कोठारीलाई पराजित गरेका थिए । सौरभले कास्य पदक जितेका छन्।**

**मुख्य समाचार फेरि एकपल्ट**

- **आफ्नो सरकारको तेस्रो कार्यकालमा महाराष्ट्रमा धेरै विकास परियोजनाहरू शुरू गरिएको श्री मोदीको भनाई**
- **विकसित राष्ट्रको लक्ष्य हासिल गर्न उपराष्ट्रपतिले अनुसन्धान र नवाचारलाई प्रमुख कारक तत्व बताउनुभयो**
- **झारखण्डमा चुनाउ प्रचार जोडतोडले हुँदै**
- **पाकिस्तानको बलुचिस्तान विस्फोटमा 24 जनाको मृत्यु**
- **हकी कप्तान हरमनप्रीत सिंहलाई प्लेयर अफ द इयर उपाधि, अनि पंकज आडवाणीले विश्व बिलियर्ड्स च्याम्पियनसिपको उपाधि जिते**